**संघीय संसद्**

# राष्ट्रिय सभा

**छैठौं अधिवेशन**

**बैठक - ०२**

## सूचना पत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ वैशाख २८ गते आइतबार**

---

संघीय संसद्, राष्ट्रिय सभाको छैठौं अधिवेशनको **दोस्रो बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **दिनको १:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले समसामयिक विषयमा बोल्नको लागि समय माग गर्नुभएको जानकारी गराउनु हुँदै उहाँलाई समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १९२ बमोजिम माननीय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले दिनुभएको वक्तव्यका सम्बन्धमा केन्द्रित रही प्रश्न सोध्न चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

१. मा. रामनारायण बिडारी
२. मा. रमेश जंग रायमाझी
३. मा. अनिता देवकोटा
४. मा. कोमल वली
५. मा. चक्रप्रसाद स्नेही
६. मा. डा. विमला राई पौड्याल
७. मा. तारादेवी भट्ट
८. मा. प्रमिला कुमारी
९. मा. देवेन्द्र दाहाल

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीलाई माननीय सदस्यहरूले उठाउनु भएका जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्नका लागि समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई "आ. व. २०७७।०७८ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) सभामा छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "आ.व. २०७७/०७८ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) सभामा छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा भाग लिन दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनु हुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई छलफलमा भाग लिन समय उपलब्ध गराउनुभयो :

१. मा. परशुराम मेघी गुरूङ
२. मा. रमेश जङ्ग रायमाझी
३. मा. दिलकुमारी रावल थापा (पार्वती)
४. मा. कोमल वली
५. मा. शेरबहादुर कुँवर
६. मा. तारादेवी भट्ट
७. मा. भगवती न्यौपाने

८. मा. खिम कुमार वि. क.    १०. मा. रामनारायण बिडारी

९. मा. देवेन्द्र दाहाल

तत्पश्चात्, सम्माननीय अध्यक्षले आ.व. २०७७/०७८ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) सभाको आगामी बैठकमा समेत छलफल जारी रहने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७७ साल वैशाख २९ गते सोमबार बिहान ११:०० बजे** बस्ने गरी **अपराह्न ३:३० बजे** बैठक स्थित भएको घोषणा गर्नुभयो ।

**(डा. भरतराज गौतम)**
**संघीय संसदको महासचिव**